"समृद्ध छथर निर्माणको आधारःशिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम

कोशी प्रदेश, नेपाल

फोन नं ०२६-४२००९९

सू.नं.:- ११२

## समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना।

(प्रकाशित मितिः २०८१/०३/१५)

छथर गाउँपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि **"समुदायमा आधारित पुनःस्थापना सहजकर्ता छनोट सम्बन्धी मार्गदर्शन, २०८०"**बमोजिम आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा **करार सेवामा** पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र (२०८१/०३/२९) माग बमोजिमका विवरण, राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

१. **विज्ञापन नं., पद र माग संख्याः**

| सि.नं. | वि. नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | ०८-०८०/०८१ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | खुला | १ जना |
| २. | ०९-०८०/०८१ | | समावेशी (अपाङ्गता) | १ जना |

२. **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः**

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(ग) पुरुषका हकमा १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको,

(घ) तेह्रथुम जिल्लाको स्थायी बासिन्दा (मार्गदर्शनको दफा ५ (घ) बमोजिम छथर गाउँपालिकाको स्थायी वासिन्दालाई प्राथमिकता दिईनेछ।)

(ङ) नियमित रूपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

(च) नियमित रूपमा अपाङ्गता भएका व्यक्तिहरूको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(छ) कम्प्युटर तथा कागजी दुवै स्वरूपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

३. **तलव, सुविधा तथा अन्य सेवा शर्तः** करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

४. **उम्मेद्वारको छनोट विधिः** लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

५. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः**

(क) छथर गाउँपालिका कार्यालयको वेभसाइट www.chhatharmun.gov.np बाट डाउनलोड गरी दरखास्त फाराम प्राप्त गर्न सकिने छ। साथै यस कार्यालयबाट समेत दरखास्त फारम प्राप्त गर्न सकिनेछ ।

# छथर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
शुक्रबारे, तेह्रथुम
कोशी प्रदेश, नेपाल

फोन नं ०२६-४२००९९


सू.नं.:-

(ख) समावेशी (अपाङ्गता) तर्फ फाराम बुझाउने उम्मेद्वारहरूले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय – पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

६. **परीक्षा दस्तुरः** खुला र समावेशी (अपाङ्गता) मध्ये कुनै एक समूहका लागि रू. ८००।- (अक्षरेपी रु. आँठ सय मात्र।) खुलासँगै समावेशी (अपाङ्गता) सिटमा थप रु. २००।- (अक्षरेपी रु. दुई सय मात्र।)

७. **परीक्षा दस्तुर बुझाउने प्रक्रियाः**छथर गाउँपालिकाको राजस्व फाँटमावा नविल बैंकमा रहेको यस छथर गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. २१२०१०१७५०००२५ मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम प्रशासन शाखामा पेश गर्नुपर्ने छ।

८. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः**

मितिः- २०८१/०३/३१ गते।

समयः- विहान ११:०० बजे।

स्थानः- छथर गाउँपालिकाको कार्यालय, शुक्रबारे, तेह्रथुम।

९. **पाठ्यक्रमः** दरखास्त फारामसँगै प्राप्त गर्न सकिने साथै गाउँपालिकाको website वाट पनि प्राप्त गर्न सकिने छ ।

१०. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकालाई हुनेछ।

११. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यस गाउँपालिकाको कार्यालय प्रशासन शाखा तथा टेलिफोन नं ०२६-४२००९९ मा सम्पर्क गरी बुझ्न सकिने छ।

०८१/०३/१५

गुणराज बानियाँ
प्रमुख प्रशासकीय अधिकृत